दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

गणतन्त्र दिवस २०८२ भव्य रुपमा मनाऔं।
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमकोआयोजना गरौं। लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं। लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्ष ३७ | अंक १५१ | बुटवल | २०८२ जेठ १४, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday May.28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर चौथो स्थानमा

**तथ्यांक अनुसार सबैभन्दा धेरै आर्थिक वृद्धिदर गण्डकी र कम सुदूर पश्चिम प्रदेशको देखिएको छ। प्रतिव्यक्ति आयमा पनि लुम्बिनी चौथो स्थानमा छ। यहाँको प्रतिव्यक्ति आय वार्षिक १२०१ अमेरिकी डलर रहेको छ।**

**टिआर शर्मा**
*बुटवल*

सात प्रदेशमध्ये लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर चौथो स्थानमा रहेको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ मा सात प्रदेशमध्ये गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा धेरै ५.५१ प्रतिशत छ। यो नेपालको कुल आर्थिक वृद्धिदरको तुलनामा समेत माथि हो।

चालु आव मुलुकको अर्थतन्त्र ४.६१ प्रतिशतले विस्तार हुने अनुमान छ। प्रदेशगत आर्थिक वृद्धिदरको आँकडा हेर्दा दोस्रो स्थानमा बागमती (५.१८ प्रतिशत), तेस्रो स्थानमा कर्णाली (४.७४ प्रतिशत ) देखिएको छ।

चौथो स्थानमा लुम्बिनी प्रदेश छ। यसको आर्थिक वृद्धिदर ४.७० प्रतिशत छ।

पाँचौ स्थानमा मधेस प्रदेश (४.५० प्रतिशत), छैटौं स्थानमा कोशी (३.३४ प्रतिशत) र सातौं स्थानमा सुदूरपश्चिम ( वृद्धिदर ३.३२ प्रतिशत) हुने अनुमान छ ।

तथ्यांकअनुसार राष्ट्रिय औसतको तुलनामा चार प्रदेशको वृद्धिदर माथि छ भने तीन प्रदेशको तल छ। अघिल्लो आवको तुलनामा सबै प्रदेशको वृद्धिदर बढेको देखिन्छ। अघिल्लो वर्ष कोशीदेखि सुदूरपश्चिमसम्मका प्रदेशको क्रमशः ३.३१, ३.७४, ३.७०, ३.८०, ३.९४, ३.२६, ३.२८ र ३.६७ प्रतिशतको वृद्धिदर थियो।




**अर्थतन्त्रमा लुम्बिनीको योगदान १४.२३ प्रतिशत**

नेपालको अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान तेस्रो स्थानमा छ। लुम्बिनीको अर्थतन्त्रको आकार ८ खर्ब ६९ अर्ब छ। यसले नेपालको कूल अर्थतन्त्रको १४.२३ प्रतिशत हिस्सा ओगट्छ। सबैभन्दा धेरै बागमती प्रदेश एक्लैले ३६.५२ प्रतिशत योगदान गर्ने अनुमान गरिएको छ।

दोस्रो स्थानमा कोशी (१५.९० प्रतिशत), चौथोमा मधेसले १३.१६ प्रतिशत, पाँचौमा गण्डकीले ८.९८ प्रतिशत, छैठौमा सुदूरपश्चिमले७.०३ प्रतिशत र सबैभन्दा कम कर्णालीले ४.१९ प्रतिशत हिस्सा आगेटेको तथ्यांक छ।

मधेस ८ खर्ब ४ अर्ब, गण्डकी ५ खर्ब ४८ अर्ब, सुदूरपश्चिम ४ खर्ब ३० अर्ब र कर्णालीको अर्थतन्त्रको आकार २ खर्ब ५६ अर्ब रुपैयाँ बराबर छ।

**लुम्बिनीसहित ६ प्रदेशको अर्थतन्त्रको मुख्य आधार कृषि**

नेपालका ७प्रदेशमध्ये लुम्बिनीसहित ६ वटा प्रदेशको अर्थतन्त्रको मुख्य आधार कृषि रहेको पाइएको छ। यी ६ प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान सबैभन्दा धेरै देखिएको छ। लुम्बिनीमा कृषिको योगदान ३१.०२ प्रतिशत छ। यस प्रदेशमा सबैभन्दा धेरै वृद्धिदर यातायात तथा भण्डारण क्षेत्रको ९.७० प्रतिशत छ। गण्डकीमा कृषिको योगदान पहिलो स्थानमा (२७.१० प्रतिशत) छ। सबैभन्दा धेरै वृद्धिदर विद्युत् तथा ग्यासको १३.१२ प्रतिशत छ।

त्यस्तै कर्णालीमा सबैभन्दा धेरै योगदान कृषिको ३०.१ प्रतिशत छ। सबैभन्दा धेरै वृद्धिदर यातायात तथा भण्डारण क्षेत्रको १०.५४ प्रतिशत छ। सुदूरपश्चिम प्रदेशमा सबैभन्दा ठूलो योगदान कृषिको ३४.७२ प्रतिशत छ। बढी वृद्धिदर विद्युत् तथा ग्यासको ८.७३ प्रतिशत छ।

कोशी प्रदेशको अर्थतन्त्रमा कृषि, वन र मत्स्य क्षेत्रको योगदान ३४.०५ प्रतिशत छ। मधेसमा कृषिको योगदान ३६.७३ प्रतिशत रहने अनुमान छ।

बागमतिको भने थोक तथा खुद्रा व्यापारको योगदान सबैभन्दा अगाडि छ।

बागमतीमा थोक तथा खुद्रा व्यापारले सबैभन्दा धेरै २२.५५ प्रतिशत योगदान गर्छ।

**लुम्बिनीवासीको प्रति व्यक्ति आय १२०१ डलर**

लुम्बिनी प्रदेशका नागरिकको प्रतिव्यक्ति आय १ हजार २ सय १ डलर देखिन्छ। अहिलेको विनिमय दर अनुसार औसतमा एकजना नेपालीको वार्षिक आम्दानी १ लाख ६३ हजार ५१३ रुपैयाँ हुन्छ।

सात प्रदेशमध्ये प्रतिव्यक्ति आयमा पनि लुम्बिनी चौथो स्थानमै छ। बागमतीवासीको आय लुम्बिनीको भन्दा दोब्बर बढी छ। चालु आर्थिक वर्षमा बागमतीवासीको प्रतिव्यक्ति आय २ हजार ६ सय २ अमेरिकी डलर रहने अनुमान छ।

राष्ट्रिय तहमा प्रतिव्यक्ति आय १ हजा ४ सय ९६ डलर छ। दोस्रो स्थानमा गण्डकीको १ हजार ६ सय १९, कोशी १ हजार ४ सय १, लुम्बिनी १ हजार २ सय १, सुदूरपश्चिम १ हजार १ सय ५३ र कर्णालीको १ हजार ८९ रहने अनुमान छ। सबैभन्दा कम मधेसको ९ सय ३२ डलर रहने अनुमान छ।

## भिजिट भिसा प्रकरणले संसद बैठक स्थगित

बुटवल। गृहमन्त्री रमेश लेखकको राजीनामा तथा भिजिट भिसा प्रकरणको छानबिनका लागि उच्चस्तरीयसमिति गठनको मागले मंगलबारको प्रतिनिधिसभा बैठक अघि बढ्न सकेन। विपक्षी दलले गृहमन्त्री रमेश लेखकको राजीनामा तथा भिजिट भिसा प्रकरणको छानबिनका लागि उच्चस्तरीय छानबिन समिति गठनको माग राख्दै बैठक चल्न पछि वैठक बुधबार (आज) सम्मका लागि स्थगित भएको थियो।

बैठकको अवरोध खुलाउन सभामुख देवराज घिमिरेले सत्ता र प्रतिपक्षी दलबिच सहमतिको प्रयास गरेका थिए। तर, उनको प्रयास सफल हुन नसकेपछि बैठक स्थगित गरिएको हो।

सहमतिका लागि सभामुखले उपसभामुख तथा दलहरुका प्रमुख सचेतक र मुख्य सचेतक सहभागी गराएर बैठक राखे पनि सबै दल आ-आफ्नो अडानमा कायम रहेकाले सहमति जुट्न नसकेको हो।

सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेले सदनमा उपस्थित भएका गृहमन्त्री रमेश लेखकले आफूमाथि लागेका आरोपबारे स्पष्टीकरण दिन पाउनुपर्ने अडान राखेका थिए।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रलगायत विपक्षी दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले भने गृहमन्त्रीको राजीनामा र उच्चस्तरीय छानबिन समिति गठनको मागमा अडान नछाडेपछि सहमति जुट्न सकेन।

भिजिट भिसाको नाममा करोडौं रुपैयाँ लिएर नेपाली युवालाई विदेश उडाउने गरेको घटना सार्वजनिक भएपछि त्यसमा गृहमन्त्री समेत संलग्न रहेको आरोप विपक्षीहरूले लगाएका छन्।

सोही आरोपमा जवाफ दिन सदनमा उपस्थित भएका गृहमन्त्रीलाई बोल्न नदिई विपक्षीले लगातार अवरोध गरेपछि सभामुखले आधा घण्टा रोकेर सहमतिको प्रयास गरेका थिए। सहमति नजुटेपछि उनले दिउँसो साढे २ बजेसम्म बैठक स्थगित गरिएको सूचना टाँस्न लगाएर पुनः सहमतिको प्रयास गरेका थिए।

## युवा संघमा क्षितिजको प्यानलै विजयी

पोखरा। राष्ट्रिय युवा संघको पाँचौ महाधिवेशनबाट क्षितिज थेबेको प्यानलै विजयी भएको छ।

मत परिणामअनुसार मतले १८८ मतान्तरले थेबे विजयी भएका हुन्। थेबेले ७९७ ल्याउँदा उनका निकटतम् प्रतिद्वन्द्वी सुमन पुरीले ६०८ मत ल्याएका छन्।

महासचिवमा ७५५ मत ल्याउँदै महेश चौलागाईं विजयी भएका छन्। उनका प्रतिस्पर्धीले ६४९ मत ल्याएका छन्।

चुनावमा १ हजार ७६४ मतदाता प्रतिनिधि रहेकोमा १ हजार ४०४ मत खसेको थियो।

क्षितिजकै नेतृत्वमा सर्वसम्मत गर्न नेताहरूले कसरत गरेको भए पनि सुमनले अस्वीकार गरेर मतदानमार्फत् नै नेतृत्व चुनिनुपर्ने अडान लिएपछि चुनावी प्रक्रिया अगाडि बढाइएको थियो।

महाधिवेशनमा पदाधिकारी र सदस्यमासमेत गरेर ३ सय ९९ जनाको उम्मेदवारी परेको थियो। पदाधिकारी ९ जनासहित १ सय ५१ जनाको केन्द्रीय समिति, ४ वटा विभागमा अध्यक्ष, उपाध्यक्ष र सचिव गरेर १ सय ६३ पदमा निर्वाचित भएका छन्।

## जेठ १९ देखि देशभर यातायात हड्ताल

बुटवल। विभिन्न माग राख्दै यातायात व्यवसायीहरूले देशभरको यातायात सेवा पूर्णरूपले बन्द गर्ने चेतावनी दिएका छन्। मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै विभिन्न ८ वटा यातायात व्यवसायी संघसंगठनहरूले यही जेठ १९ गतेदेखि यातायात सेवा बन्द गर्ने चेतावनी दिएका हुन्।

सार्वजनिक यातायात बचाउ केन्द्रीय संघर्ष समितिको आयोजनामा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, नेपाल ट्रक यातायात व्यवसायी महासंघ, ढुवानी व्यवसायी महासंघ नेपाल र नेपाल यातायात मजदुर संगठनले देशव्यापी रूपमा अनिश्चितकालीन यातायात बन्द गर्ने घोषणा गरे।

सरकारले वार्तामा बोलाएको र वार्ताबाट समाधान नआएमा आन्दोलनमै जाने सार्वजनिक यातायात बचाउ केन्द्रीय संघर्ष समितिका संयोजक विजयकुमार स्वाँरले बताए। यातायात क्षेत्रमा देखिएका समस्या समाधान नभएको ठहर गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरिएको उनको भनाइ छ।

» *बाँकी ३ पेजमा*

## गभर्नरविरुद्ध रिट दर्ता

बुटवल। नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर विश्वनाथ पौडेलको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा परेको रिट मंगलबार दर्ता भएको छ। अधिवक्ताहरू अनन्तराज लुइँटेल, विशाल थापा र प्रतिभा उप्रेतीले पौडेलको नियुक्ति कानुनसम्मत नरहेको भन्दै दिएको रिट निवेदन मंगलबार दर्ता भएको सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले जानकारी दिए। उनका अनुसार रिटको पेसी बुधबारका लागि तोकिएको छ। मुद्दाको दर्ता नम्बर ०८१-डब्लुओ-१३१९ रहेको छ।

पौडेल नेपाली कांग्रेसको महासमिति सदस्य तथा प्रतिनिधिसभाको निर्वाचनमा पराजित उम्मेदवार रहेको र गभर्नर सिफारिस समितिका पदाधिकारी भई राजीनामा गरेको रिट निवेदनमा उल्लेख छ।

सिफारिस समितिकै पदाधिकारीले राजीनामा गरी आफैं छनोट हुने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ ले अनिवार्य गरेको विज्ञतासमेत नभएको पौडेलको सिफारिस, नियुक्ति तथा शपथको निर्णय बदर गर्नुपर्ने रिटमा माग गरिएको छ।

साथै, मुद्दाको टुंगो नलागुञ्जेलसम्म गभर्नरको हैसियतले कुनै पनि दूरगामी कार्य सम्पादन नगर्न/नगराउन अन्तरिम आदेशसमेत माग गरिएको छ। पौडेललाई गत मंगलबार (६ जेठ २०८२)को मन्त्रिपरिषद् बैठकले नेपाल राष्ट्र बैंकको १८ औं गभर्नरमा नियुक्त गरेको थियो।

रिट शुक्रबार नै अदालत पेस भए पनि मंगलबार दर्ता भएको हो।

## लुम्बिनी सरकार र सात पालिकाबिच नव प्रवर्तन सम्झौता




बुटवल। लुम्बिनी प्रदेश सरकार र प्रदेशका सात स्थानीय तहबिच नवप्रवर्तनसम्बन्धी सम्झौता भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार विभिन्न जिल्लाका सात वटा स्थानीय तहबिच नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि औपचारिक सम्झौता गरिएको हो। सम्झौताअनुसार बर्दियाको ठाकुरबाबा नगरपालिकामा दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी : कृषिको रुपान्तरणमा हामी सबैको साझेदारी कार्यक्रम सञ्चालन हुनेछ।

पाल्पाको तानसेन नगरपालिकामा तानसेन उद्यमशीलता तथा पर्यटन विकास कार्यक्रम', रुपन्देहीको मायादेवी गाउँपालिकामा 'स्मार्ट मायादेवी', प्यूठानको सरुमारानी गाउँपालिकामा 'डिजिटल विद्यालय कार्यक्रम', नवलपरासी पश्चिमको रामग्राम नगरपालिकामा 'पर्यटन होमस्टे प्रवर्धनसँगै उद्यमशीलता कार्यक्रम', गुल्मीको छत्रकोट गाउँपालिकामा 'सूचना प्रविधिमैत्री शिक्षा' र रुपन्देहीकै शुद्धोधन गाउँपालिकामा 'विद्युतीय सुशासनका लागि ई-सिफारिस सर्भिस सेन्टर' कार्यक्रम सञ्चालन गरिनेछ।

सो अवसरमा बोल्दै मुख्यमन्त्री चेतनारायण आचार्यले संघीयताको सुदृढीकरण र प्रदेशलाई आत्मनिर्भर तथा सक्षम बनाउने उद्देश्यले नवप्रवर्तन योजना लागू गरिएको बताए।

मुख्यमन्त्री आचार्यले नागरिकको जीवनस्तर उकास्न नवप्रवर्तन कार्यक्रम प्रभावकारी माध्यम हुने विश्वास व्यक्त गर्दै कृषिमा रुपान्तरण, उद्यमशीलता र पर्यटन प्रवर्धन, सूचना प्रविधिको अधिकतम उपयोग, विद्यालय शिक्षाको गुणस्तर सुधार, र सेवा प्रवाहलाई चुस्त बनाउन ई-सिफारिस सेवा जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिइएको बताए। प्रदेश र स्थानीय तहबिचको यो साझेदारीले नवप्रवर्तनलाई नयाँ उचाइमा पुर्‍याउन सक्ने भन्दै उनले परिणाममुखी कार्यान्वयनमा जोड दिए।



## सम्पादकीय

# फोहरबाट कमाई गर्दै युवा

घर, कार्यालय र विभिन्न व्यापारिक प्रतिष्ठानबाट निस्कने फोहरजन्य सामग्रीलाई काम नलाग्ने ठानिन्छ। यी सामग्रीलाई जसोतसो थान्को लगाउन पाए हामीलाई सहज हुन्छ । तर काम नलाग्ने फोहरजन्य कवाड सामग्री संकलन गरेर पाल्पा तानसेन नगरपालिका–६ पदमेटारीका तीन दाजुभाइले लोभलाग्दो आम्दानी गरेका छन् ।

तानसेन–६ पदमेटारीका सुशिल, उमेश र टार्जन भण्डारी पढेर जागिर खोज्नतिर लागेनन् । कम लगानीमा के गर्न सकिन्छ भनेर खोजी गरिरहेका उनीहरुले कवाड संकलन गरेर बेच्ने योजना बनाउन परिवार र छिमेकी कसैले रूचाएका थिएनन् । उनीहरुको यो काम धेरैका लागि आश्चर्य लाग्नु स्वभाविकै हो, पढेलेखेका युवाले अरु नै काम गरिरहेको र यस्तो खालको काम नपढेका व्यक्तिले गरिरहेको समाजमा उनीहरुले कम्पनी दर्ता गरेर व्यवस्थित ढंगले काम गरेका छन् । उनीहरुको नेप्लिज वेस्ट बैंकमा ६ जनाले रोजगारी पाएका छन् । उनीहरुको फोहर व्यवस्थापन उद्योगले कागज, कार्टुन, किताब, कापी, फलामका टुक्रा, सिसा, बोतल जस्ता प्रयोगविहीन वस्तु संकलन गरी प्रशोधन गरेर आम्दानी गर्दै आएको छ । उनीहरुले ती सामग्री विभिन्न उद्योगलाई दिँदै आएका छन् । पढेका युवाले गरेको यो काम अनुकरणीय छ, एकातिर फोहर व्यवस्थापन भयो, अर्कोतिर राम्रो आम्दानी पनि भयो । स्नातक उत्तीर्ण तीन दाजुभाइको यो मिहिनेत र श्रृजनशिल कामले धेरै युवालाई बाटो देखाएको छ ।

तानसेन सानो शहर हो, जहाँ फोहर थोरै संकलन हुन्छ। धेरै फोहर संकलन हुने शहरमा ठूलो मात्रामा संकलन गर्न सकिन्छ। ठूलो मात्रामा संकलन हुने कवाड फोहरबाट धेरै आम्दानी गर्न सकिन्छ। अहिले कवाड संकलन गर्न ठूलो संख्यामा भारतीय नागरिक सक्रिय छन् । उनीहरुले यहाँबाट लाखौं रुपैयाँ कमाएर भारत लगेका छन् । नेपाली युवाहरुले जाँगर गर्दा व्यवस्थित ढंगले काम गर्न सक्दारहेछन् । भारतीय नागरिकले रेमिट्यान्सको रुपमा लगिरहेको नेपाली पैसा यही राख्न सकिदोरहेछ ।

नेपाली समाजमा स-साना काम र श्रमलाई सम्मान नगर्ने प्रवृत्ति छ । समाजले कतिपय काम र श्रमलाई सम्मान नहुँदा पनि युवाहरु यहाँ बस्न नखोजेका हुन् । त्यसो त अवसरको खोजीमा धेरै युवा विदेशिएका हुन् । कतिपय युवा यही बस्न खोज्दा समेत समाजले हेयको दृष्टिले हेर्ने प्रवृत्ति छ । समाजमा काम र श्रमप्रति सम्मानको वातावरण तयार गर्ने पढेलेखेका र सचेत युवाले नै हो । देश बनाउने काम युवाले हो, युवाले नयाँ सोंच र अठोटका साथ केही गर्न खोज्दा राज्यले साथ दिनुपर्छ । अहिले राज्यले युवाका नयाँ सोंचका कामलाई न्यून व्याजदरमा ऋण दिन थालेको छ । यसले पनि युवालाई उत्साहित बनाएको छ । सुशिल, उमेश र टार्जनले झैं समाजले झट्ट स्वीकार नगर्ने काम गरेर आफूलाई अब्बल स्थापित गर्दा समाजमा सकारात्मक धारणा प्रवाह हुन्छ । केही गर्ने सोंच र जाँगर भएका युवालाई सहयोग गरौं ।

# नेप्से परिसूचकमा झिनो सुधार



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक शून्य दशमलव ८५ अङ्कले बढेर दुई हजार छ सय ७५ दशमलव ६२ को बिन्दुमा कायम भएको हो ।

तीन सय १८ कम्पनीको एक करोड ४२ लाख ९९ हजार तीन सय ९४ कित्ता शेयर ५९ हजार छ सय ३३ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५२ करोड ७८ लाख ३९ हजार पाँच सय ८१ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ४०, विकास बैंक एक दशमलव ६६, जलविद्युत् शून्य दशमलव १४, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९, म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ९५ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । वित्त समूह शून्य दशमलव ६१, होटल तथा पर्यटन शून्य दशमलव ०९, लगानी शून्य दशमलव २६ र जीवन बिमा शून्य दशमलव ५४ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त एक दशमलव १३, निर्जीवन बिमा शून्य दशमलव ५५ र अन्य समूह शून्य दशमलव २० प्रतिशतले घटेको छ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट बैंक लिमिलेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ०९ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै युनिभर्सल पावर कम्पनी लिमिटेडको रु ६३ करोड ५८ लाख १९ हजार बराबरको १४ लाख ३४ हजार तीन सय ४१ कित्ता शेयर किनबेच भएको छ।

# देशको अर्थतन्त्र र आगामी बजेट



डा. कृष्णराज पन्त



मुलुकको आर्थिक स्थिति सुधार गर्ने दुहाइका साथ बनेको नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकारले जति नै दाबी गरे पनि मुलुकको अर्थतन्त्रमा अपेक्षित सुधार अझै आउन सकेको छैन। नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको चालू आव ०८१/८२ को नौ महिनाको समीक्षा प्रतिवेदन र अन्य उपलब्ध सरकारी तथ्यांकको विश्लेषण गर्ने हो भने यो मुलुकको अर्थतन्त्र अझैं शिथिल नै रहेको देखिन्छ।

समीक्षा अवधि (चालू आव०८१/८२ को नौ महिना)मा मुलुकमा मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा १.४१ प्रतिशत विन्दुले घटेर ३.३९ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष नकारात्मक अवस्थामा रहेको कुल वस्तु निर्यात ६५.२ प्रतिशतले वृद्धि हुँदा पनि करिब रु. १८८ अर्ब मात्र पुग्न सकेको छ। यसैगरी, चालू आवको नौ महिनामा वस्तु आयात १२.२ प्रतिशतले बढेको छ। वस्तु निर्यातमा वृद्धि भए पनि कुल वस्तु व्यापार घाटा ६.४ प्रतिशतले बढी करिब रु. ११२१ अर्ब पुगेको छ। आयातमा मध्यवर्ती र पुँजीगत वस्तुको आयातमा खासै वृद्धि हुन सकेको छैन।

यस्तै, भ्रमण आयभन्दा भ्रमण व्यय दोब्बरभन्दा बढीले वृद्धि हुँदा सेवा खाता घाटामा रहेको छ। वैदेशिक रोजगारीका निम्ति श्रम स्वीकृति लिने नेपालीको संख्यामा १२.५ प्रतिशतले वृद्धि भए पनि विप्रेषण आप्रवाहको वृद्धि अघिल्लो वर्षको तुलनामा ७.२ प्रतिशत विन्दुले घटेर १० प्रतिशत कायम रहेको छ। यस अवधिमा शोधनान्तर स्थिति करिब रु. ३४६ अर्बले बचत छ। चालू आवको नौ महिनासम्ममा कुल विदेशी विनिमय सञ्चितिले करिब रु. २४२७ अर्बको कीर्तिमानी कायम गरेको छ। आवको करिब १० महिना बितिसक्दा लक्ष्यको तुलनामा ६६ प्रतिशत मात्र राजस्व प्राप्ति हुनसकेको छ।

कुल खर्च लक्ष्यको ६३ प्रतिशत रहेकोमा पुँजीगत खर्च गत वर्षको भन्दा कम (३५ प्रतिशत मात्र) हुनसकेको छ। ब्याजदरमा कमी आए पनि चालू आवको नौ महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा भएको कर्जाप्रवाह ७ प्रतिशतले मात्र बढेको छ। मुद्रा बजारमा तरलता उल्लेखनीय रूपमा बढेको छ। समीक्षा अवधिमा पुँजीबजार निरुत्साहित छ। ०८१ श्रावणपछि नेप्से सूचकांकमा आएको गिरावटमा सुधार हुन सकेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार, नेपाल सरकारको ऋण दायित्व बढ्दै २०८१ चैत्र मसान्त सम्ममा कुल गार्हस्थ्य उत्पादनको करिब आधा (४६.७५ प्रतिशत) पुगेको छ। यसैगरी, नयाँ वर्ष लाग्नैलाग्दा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले ४४७ पृष्ठ लामो 'आर्थिक सुधारको मार्गचित्र' नामक सुझाव प्रतिवेदन सरकारसमक्ष पेस गरिसकेको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम संसद्बाट पास भइसकेको छ। मुलुकले बजेट तर्जुमा प्रणालीमा संरचनात्मक परिवर्तन खोजेको छ।

यस पृष्ठभूमिमा संघीय सरकार द्रुत ढंगले बजेटको तयारीमा लागेको छ। मुलुकको अर्थतन्त्र चलायमान हुन नसकेको, सुशासन र रोजगारी पक्ष कमजोर रहेको यस परिस्थितिमा आगामी जेठ १५ गते आउने आव ०८२/८३ को बजेट कस्तो हुनुपर्ने हो र कस्तो होला भन्ने बहस चलिरहेको छ। तर, तल उल्लेखित केही मुद्दालाई आगामी बजेटले गर्ने सम्बोधनको दायराले नै बजेटको प्रभावकारिताको तह निर्धारण गर्नेछ।

आवधिक योजना र वार्षिक कार्यक्रमका बिच तालमेल : अहिलेसम्मको बजेट तर्जुमाको अभ्यासलाई हेर्दा आवधिक योजनाका आधारमा वार्षिक कार्यक्रम निर्धारण गर्नुभन्दा वार्षिक कार्यक्रमभित्र आवधिक योजनाको सम्बन्ध (लिंकेज) खोज्नुपर्ने अवस्था देखिन्छ। यसले हरेक आवधिक योजनाको लक्ष्यप्राप्तिमा असर पुऱ्याइरहेको छ। वर्षौंसम्म आवधिक योजनामा एउटै खालको सूचक र लक्ष्य दोहऱ्याइरहनुपर्ने अवस्था छ। आगामी बजेट र त्यसले निर्धारण गरेका वार्षिक कार्यक्रमले १६औँ पञ्चवर्षीय योजनालाई कत्तिको आत्मसात् गर्छ त्यसले नै बजेट तर्जुमाको प्रवृत्तिमा परिवर्तनको संकेत गर्छ।

बजेट तर्जुमामा उल्लेखनीय परिवर्तन आएमा मुलुकको अर्थतन्त्रको प्रवर्द्धन र सेवाप्रवाहलाई सहज तुल्याउने अपेक्षा गर्न सकिन्छ। यसले आवधिक योजनालाई सरकारको नीति तथा कार्यक्रमले पूर्ण अनुसरण नगर्ने, नीति तथा कार्यक्रमलाई बजेटले कमै मात्र पछ्याउने, बजेट वक्तव्य र वार्षिक कार्यक्रमबिच पनि तालमेलमा कमी रहने र कार्यक्रम कार्यान्वयनमा कमजोरीका कारण अपेक्षित नतिजा प्राप्त नहुने समस्यालाई निराकरण गर्न सक्दछ।

क्षेत्रगत प्राथमिकता निर्धारण : विगतको प्रवृत्तिलाई हेर्दा बजेट वक्तव्यको सुरुमा क्षेत्रगत प्राथमिकता तोके पनि स्रोतको विनियोजनमा त्यसअनुरूप रकमको व्यवस्था भएको कमै मात्रामा पाइन्छ। मुलुकमा खाद्य सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्ने कृषि क्षेत्र र मानव संसाधनको विकासका निम्ति आवश्यक शिक्षा र स्वास्थ्यसेवा क्षेत्रमा पर्याप्त रकम विनियोजन गरिएको पाइँदैन।

जसका कारण खाद्य सुरक्षा, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकहरूको संवैधानिक अधिकारसमेत व्यवहारमा कुण्ठित भएको पाइन्छ। यसर्थ, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै बजेट तर्जुमा गर्नु आवश्यक छ। बजेटमा नवप्रवर्तन र तुलनात्मक लाभका क्षेत्रलाई प्राथमिकता दिँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन प्रोत्साहित गर्ने वस्तु तथा सेवा उत्पादनका कार्यक्रम समावेश गरिनु आवश्यक छ। बजेटले राष्ट्रिय आत्मनिर्भरता र स्थानीय स्रोतमा आधारित उद्योग प्रवर्धनका निम्ति जोड दिनुपर्दछ।

अनुत्पादक सडक पूर्वाधार निर्माणमा बढी स्रोतको विनियोजन गर्ने प्रवृत्तिले मुलुकको आवश्यकताअनुसारको प्रतिफल दिन सकेको छैन। यसकारण, यसपटकको बजेटले उत्पादन प्रवर्द्धक पूर्वाधारको निर्माणसहितका क्षेत्रगत प्राथमिकताका आधारमा प्रतिशत तोकी त्यसअनुरूप मात्र वार्षिक कार्यक्रममा रकम विनियोजन गर्ने प्रक्रियाको पालना गर्न सके बजेट बढी उपलब्धिमूलक हुन सक्छ। विकास र सुशासनसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नेतर्फ समेत बजेट केन्द्रित रहनु आवश्यक छ।

आयोजना मापदण्डको अवलम्बन र आयोजना बैंकको उपयोग : बजेट तर्जुमाको हालसम्मको अभ्यासलाई हेर्दा आयोजना मापदण्ड निर्धारण र सोअनुरूप बजेट विनियोजन गर्ने अभ्यासलाई कमै मात्र आत्मसात् गरेको पाइन्छ। शक्ति र पहुँचका आधारमा फुटकर आयोजनाको छनोट, उचित मापदण्डबेगर राष्ट्रिय गौरवका आयोजनाको घोषणा र राष्ट्रिय प्राथमिकताका आयोजना निर्धारण गर्नेजस्ता समस्या निरन्तर रहँदै आएको छ। त्यसैगरी, पूर्वतयारीविनाका आयोजनामा प्रशस्त रकम विनियोजन गर्ने र आयोजना कार्यान्वयनमा समस्या पैदा हुने समस्या पनि मुलुकले झेल्दै आएको छ।

यसपटकको बजेट तर्जुमाले यस्तो प्रक्रियामा आमूल परिवर्तन गरी निर्धारित आयोजना मापदण्डको अवलम्बन गर्दै आयोजना छनोट गर्ने र आयोजना बैंकमा प्रविष्ट गरिएका आयोजनामा मात्र आवश्यक रकम विनियोजन गर्ने व्यवस्था गर्न सक्नुपर्छ। यसैगरी, केही 'गेम चेन्जर' आयोजनालाई समेत प्राथमिकता दिएर रकम विनियोजन गरिएमा मुलुकमा उत्पादन र रोजगारी वृद्धि हुन सक्छ। बजेटमा चालू खर्चभन्दा पुँजीगत खर्च कम विनियोजन हुने गर्छ। त्यसमाथि विनियोजित पुँजीगत खर्च पनि दुईतिहाइको हाराहारी खर्च हुने रोगबाट मुलुक ग्रसित छ।

निजी क्षेत्रलाई उत्पादन र रोजगारी प्रवर्धनका निम्ति सहज तुल्याउने र प्रोत्साहित गर्ने महत्वपूर्ण साधनको रूपमा रहने पुँजीगत खर्चको यो प्रवृत्तिका कारण मुलुकले सामाजिक आर्थिक विकासमा अपेक्षित गति लिन सकेको छैन। त्यसैगरी, पूर्वाधार निर्माण र सेवाप्रवाहको लागत र समय बढ्न जानुका साथै आयोजनाको प्रतिफल प्राप्त गर्न पनि ढिला हुने अवस्थाबाट मुलुक गुज्रिरहेको छ।

निर्मित पूर्वाधारको गुणस्तरमा पनि प्रश्नचिह्न खडा भइरहेका छन्। यसकारण, आगामी बजेट अनावश्यक र अनुत्पादक चालू खर्च कटौती र पुँजीगत खर्च वृद्धि हुने र गुणस्तरीय पूर्वाधार निर्माणका निम्ति सहज वातावरण तयार गर्ने सामर्थ्य बोकेको हुन सक्नुपर्छ। त्यसैगरी, विकास आयोजनाको सहज कार्यान्वयनमा बाधक देखिएका कमजोर आयोजना छनोट प्रणाली, अपर्याप्त स्रोतको विनियोजन, अन्तरमन्त्रालय समन्वयमा कमी, प्रतिकूल प्रशासनिक व्यवस्थाजस्ता समस्याबाट मुक्त हुने र विद्यमान खरिद व्यवस्थामा सुधार गर्ने हिसाबले बजेट तर्जुमा गरिनु आवश्यक छ।

क्षेत्रीय सन्तुलन प्रवर्धन : आवश्यकतामा आधारितभन्दा शक्ति र पहुँचमा आधारित आयोजना छनोट र खर्च विनियोजनको प्रवृत्तिले मुलुकको विकासमा क्षेत्रीय असन्तुलन पैदा गरेको छ। पूर्वाधार निर्माणमा प्रतिएकाइ लागत बढी हुने दुर्गम, गरिब र पिछडिएका क्षेत्रका निम्ति कम रकम विनियोजन गरिने प्रवृत्तिले उत्पादन, रोजगारी, गुणस्तरीय वस्तु तथा सेवाप्रवाहका हिसाबले क्षेत्रीय असन्तुलन पैदा गरेको छ। जसले एकातर्फ विकास सूचकमा पनि क्षेत्रगत असन्तुलन पैदा गरेको छ भने अर्कोतर्फ बसाइँसराइ वृद्धि गरी गाउँ रित्तिने समस्या बढाएको छ। यस्तो समस्या निराकरणका निम्ति प्रधानमन्त्री, मन्त्री, तुलनात्मक रूपमा प्रभावशाली सांसद र नेताहरूको निर्वाचन क्षेत्र एवं जिल्लाका निम्ति बढी आयोजना छनोट र रकम विनियोजित गर्ने परम्पराबाट आगामी बजेट मुक्त हुन सक्नु पर्दछ र बजेट तुलनात्मक रूपमा क्षेत्रीय सन्तुलन प्रवर्धनकारी हुनुपर्छ।

सुशासन र रोजगारी प्रवर्धन : अहिले मुलुकमा सुशासन र रोजगारीको मुद्दा चर्को ढंगले उठेको छ। सुशासन र रोजगारीको क्षेत्रमा देखिएको कमजोरीका कारण युवाहरू अवसरको खोजीमा विदेश पलायन हुने क्रम बढ्दो छ। मुलुकमा एकपछि अर्को भ्रष्टाचार र अनियमितताका काण्ड उजागर हुँदै गइरहेका छन्। यिनमा उच्चस्तरका नेता तथा कर्मचारीको संलग्नता देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा हेर्ने हो भने सरकारी बेरुजु दिनानुदिन बढिरहेको छ।

सार्वजनिक सेवाप्रवाहमा ढिलासुस्ती, सरकारी अधिकारीहरूको सुदखोर प्रवृत्ति, सार्वजनिक सेवाको गुणस्तरमा कमीजस्ता विषयले नागरिक र निजी क्षेत्र दुवै निरुत्साहित छन्। कोभिड महामारीपछि उपभोक्ता र उत्पादक दुवै क्षेत्रमा आत्मविश्वासको कमी आयो। यसका कारण वस्तु तथा सेवाको माग र उत्पादन दुवैमा कमी आई सिथिल भएको अर्थतन्त्र अझैं उठ्न सकेको छैन। जसबाट अर्थतन्त्रका उत्पादन र रोजगारी दुवै क्षेत्रमा असर गरेको छ। यस परिप्रेक्ष्यमा आगामी बजेटले मुलुकमा सुशासनको प्रत्याभूति दिने, उपभोक्ता र निजी क्षेत्रको आत्मविश्वास जगाउने, निजी क्षेत्रको लगानी प्रवर्धन गर्ने, तत्काल र धेरै रोजगारी सिर्जना गर्न सक्ने कृषि क्षेत्र र साना तथा मझौला व्यावसायिक प्रतिष्ठानलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ।

प्रगतिशील राजस्व प्रणालीको अवलम्बन : हाम्रो मुलुक अहिले आयातमुखी राजस्व प्रणालीमा निर्भर छ। मुलुकको राजस्वमा भन्सार, भ्याट, अन्तःशुल्क आदिको अधिकता छ। उपभोक्तालाई भार पर्ने अप्रत्यक्ष करको बाहुल्यले मुलुकमा आयको वितरण प्रणालीलाई असन्तुलित तुल्याएको छ। त्यसकारण प्रगतिशील कर प्रणालीको अवलम्बन, करको दायरामा वृद्धि, चुस्त कर प्रशासन, कर चुहावट नियन्त्रण, एकद्वार राजस्व संकलन प्रणालीसहितका विषयहरूको सम्बोधन गर्दै प्रगतिशील राजस्व प्रणाली स्थापित गर्ने उद्देश्यका साथ आगामी बजेट तर्जुमा गरिनु आवश्यक छ।

संघीयताको मर्मको आत्मसात् : मुलुक एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरित भएको एक दशक पूरा हुन लाग्दा पनि संघीयताको पूर्ण कार्यान्वयन हुन सकेको छैन। यो कुरा बजेट तर्जुमामा पनि झल्किँदै आएको छ। सहअस्तित्व, सहकार्य र समन्वयमा आधारित संघीयताको अवलम्बन गरेको भनिएता पनि तीन तहका सरकारबिच कार्य जिम्मेवारीको स्पष्ट विभाजन, त्यसअनुरूपका योजना छनोट र अन्तरसरकारी समन्वयको पक्ष कमजोर हुनपुग्दा संघीयताप्रति नै प्रश्न उठ्न थालेको छ। त्यसकारण, अब संघीय सरकार र प्रदेश सरकारहरूले फुटकर योजना छनोट गर्ने, ससर्त योजना र ससर्त अनुदानको अंश वृद्धि गर्दै जाने, समानीकरण अनुदानको अनपेक्षित र असमय कटौती, राजस्व अधिकारमा तहगत सरकारका बिच दोहोरोपना आदिजस्ता समस्याको निराकरण गर्ने गरी बजेट तर्जुमा गरिनुपर्छ।

संघीयताको मर्मलाई आत्मसात् गर्दै प्रदेश तथा स्थानीय तहलाई स्रोत र जनशक्तिको हिसाबले सबल बनाउँदै लैजाने, समानीकरण अनुदानको अंश क्रमशः बढाउँदै जाने र ससर्त अनुदान घटाउँदै जानेतर्फ बजेटको प्रयास आवश्यक छ। सार्वजनिक स्रोतको विनियोजन र खर्चमा तीनवटै तहका सरकारको सहभागिता सुनिश्चित गरी संघीयतालाई सबल बनाउन अन्तरसरकारी समन्वयका सबै संयन्त्रलाई सक्रिय तुल्याउन बजेट प्रभावकारी हुनुपर्छ।

यसरी, राजस्व र खर्च दुवै प्रणालीमा संरचनात्मक परिवर्तन गर्दै विकासका हरेक क्षेत्रमा संरचनात्मक परिवर्तन गर्ने हिम्मतका साथ उपभोक्ता र उत्पादक क्षेत्र दुवैमा आत्मविश्वास पैदा गरी उत्पादन र रोजगारी प्रवर्धनसहित शिथिल भएको अर्थतन्त्रलाई चलायमान बनाउन, मुलुकमा विद्यमान निराशालाई चिर्दै नागरिकमा मुलुकभित्र नै अवसर हुन सक्छ भन्ने आत्मविश्वास जगाउन र युवाहरूको बढ्दो विदेश पलायनलाई न्यूनीकरण गर्न सक्षम हुने गरी आगामी आव ०८२/८३ को बजेट तर्जुमा गरिनु आवश्यक छ।

नयाँ पत्रिकाबाट

# बागलुङ र जैमिनी नगरपालिकालाई जोड्ने सडक कालोपत्र

बागलुङ । जैमिनी नगरपालिकामा तीनवटा सडक अहिले धमाधम कालोपत्र भइरहेको छ । नगरपालिकाको केन्द्र पुग्ने दुई सडक धमाधम कालोपत्र भइरहेको छ भने र कुश्मिसेराबाट सकुर्वा-ब्याडथला पुग्ने सडक कालोपत्र अन्तिम चरणमा पुगेको छ । कालोपत्र गरिने तीनवटै सडकको लम्बाइ जम्मा पाँच किलोमिटर छ । तीनवटै सडकको लागत रु आठ करोड १८ लाख छ ।

जैमिनी नगरपालिका, सङ्घीय सरकार र प्रदेश सरकारको साझेदारीमा तीनवटा सडक एकसाथ कालोपत्र भइरहेको जैमिनी नगरपालिकाले जनाएको छ। बागलुङ र जैमिनी नगरपालिकालाई जोड्ने गरी टाकुरी खण्डमा रु एक करोड २६ लाख ६७ हजार लागतमा एक किमी सडक कालोपत्र भइरहेको छ ।

बागलुङ-१२ अमलाचौर र जैमिनी-१ कुश्मिसेराको सिमानाको एक किमी सडक स्तरोन्नति सकेर कालोपत्र भइरहेको छ। उक्त सडक कालोपत्र भएपछि बागलुङ बजारबाट सिधैं कुश्मिसेरा पक्की सडकबाट पुग्न सकिने छ । बागलुङ बजारबाट कुश्मिसेरा खण्डअन्तर्गत सो ठाउँबाहेक अन्यत्र कालोपत्र भइसकेको थियो ।

उक्त सडक स्तरोन्नतिका लागि २०८० चैतमा गण्डकी प्रदेश सरकार, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाको साझेदारीमा स्तरोन्नतिका लागि ठेक्का लगाइएको थियो । जैमिनी नगरपालिका-१ जैमिनीधामको कालीगण्डकी करिडोरबाट पालिकाको केन्द्र कुश्मिसेरासम्मको सडक धमाधम कालोपत्र भइरहेको उपप्रमुख हरिहर शर्माले जानकारी दिए ।

जैमिनी नगरपालिकाको केन्द्र कुश्मिसेरा राष्ट्रिय राजमार्गसँग पक्की सडकले जोड्न एक किमी सडक कालोपत्र गरिएको छ भने थप एक किमी कालोपत्रको चरणमा पुगेको छ । जैमिनीधामबाट पहिलो खण्डको झण्डै एक किमी काम कालीगण्डकी करिडोरले कालोपत्रका लागि स्तरोन्नति सम्पन्न भइसकेपछि त्यहाँसमेत कालोपत्र गर्ने तयारीमा छ । निर्माण कम्पनीले रु तीन करोड २० लाखमा उक्त सडकको स्तरोन्नतिसँगै कालोपत्र गरिरहेको छ ।

यस्तै कुश्मिसेराबाट सकुर्वा हुँदै ब्याडथाल सडकको मौलाछ खण्डको दुई किलोमिटर सडक सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा कालोपत्र गर्ने तयारीमा रहेको छ । जैमिनीको समपूरक तथा सहरी विकास मन्त्रालय तथा गण्डकी प्रदेशको गरी जम्मा रु तीन करोड ७२ लाखमा उक्त सडक स्तरोन्नतिसँगै कालोपत्र गर्ने चरणमा पुगेको उपप्रमुख शर्माले जानकारी दिए ।

"सरङ्गी-जैमिनी सडकको टाकुरी खण्ड एक किमी, करिडोरबाट कुश्मिसेरा दुई किमी र कुश्मिसेराबाट मौलाछमा दुई किमी गरी असारसम्म पाँच किमी सडक कालोपत्र भइसक्ने छ, अहिले दुईवटा सडकको तीन किमी कालोपत्र अन्तिम चरणमा छभने मौलाछमा दुई किलोमिटर सडक कालोपत्रको तयारी छ ।"-उपप्रमुख शर्माले भने । तीनवटै सडक चौडा पार्ने, पानी जमेको स्थानमा ढलान गर्ने, नाली निर्माण गर्ने र आवश्यक स्थानमा ग्यावियन जाली लगाउने कामपश्चात कालोपत्र गारिएको छ ।

# घरघरमा पानीका धारा पुर्‍याउँदै स्थानीय सरकार

देउखुरी । दङ्गीशरण गाउँपालिका-६ बागरकी जया चौधरीलाई एक वर्षअघिसम्म गाउँको साझा इनारमा पानीका लागि लाइन बस्नुपर्ने बाध्यता थियो। चैत, बैशाखको खडेरीमा इनार सुकेपछि बिहान ४ बजेदेखि लाइनमा बसेर दुईवटा गाग्रीमा पानी एकैपटक ल्याउनुपर्ने बाध्यता उनलाई अझै स्मरण छ।

घरछेउमा बनेको ट्याङ्कीबाट घरघरमा पानी आउन थालेपछि चौधरीको दैनिकी अहिले फेरिएको छ। सहज रूपमा खानेपानी पाउन थालेपछि दैनिकी सहज बनेको भन्दै उनले खुसी व्यक्त गरिन् । "धाराको पानी प्रयोग गर्न थालेपछि समयको बचत भएको छ। करेसाबारीमा तरकारीखेती गरेर घरमा खान पुग्ने उत्पादन भइरहेको छ।"-उनले भनिन् ।

सोही ठाउँकी बुधनी चौधरीले घरको आँगनमा खानेपानीको धारा निर्माण भएपछि दैनिक उपभोग गर्न र गाईवस्तुलाई खुवाउन सजिलो भएको बताइन् । 'एक घर, एक धारा' अभियानअन्तर्गत एक वर्षअघि खानेपानी योजना निर्माण सम्पन्न भएपछि गाउँका घरघरमा पानीको सुविधा पुगेको हो।

बुधनीले भनिन्- "खानेपानीका लागि गाउँभरिमा एउटा इनार थियो, पानी थाप्दा कहिलेकाहीँ त तछाडमछाड भएर झगडा हुन्थ्यो। घरमा नयाँ धारा बनेसँगै अब यो समस्या सधैँलाई समाधान भएको छ। गर्मी मौसममा खानेपानीको मुहान सुक्ने र खानेपानीका लागि गाग्री बोकेर खोलाखोला हिँड्नुपर्ने सास्ती हटेको छ।"

दङ्गीशरण-६ बागर खानेपानी उपभोक्ता समितिका अध्यक्ष रेशम वलीले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको सहयोग र स्थानीयको जनसहभागितामा बोरिङ खनेर पाइप विस्तार गरी घरघरमा पानी वितरण भइरहेको जानकारी दिए। दैनिक दुई घण्टा पानी वितरण गर्दै आइएको भन्दै उनले पानी भण्डारण गर्ने ट्याङकी नहुँदा केही समस्या भएको बताए।

"दुई सय परिवारले पानीका लागि निवेदन दर्ता गरेका छन्, अहिले एक सय ८६ परिवारले सुविधा लिइरहेका छन् भने अरु प्रक्रियामा छन् । मिटर जडान नगरिएकाले मासिक रु दुई सय उपभोक्ताले महसुल तिर्ने गरेका छन् ।"- अध्यक्ष वलीले भने ।

दङ्गीशरण-६ का वडाध्यक्ष रोशनजङ्ग शाहले बोरिङ पाइपमार्फत् वडावासीलाई पानीको सुविधा पुर्‍याइएको बताए । "चुनावमा एक घर एक धारा दिने भनी मत मागेका थियौँ, सोहीअनुरुप पानी पुर्‍याउन थालेका छौँ, पानीको सुविधा पुगे पनि पूर्वाधार नहुँदा समस्या भएको छ । पानीको ट्याङ्की छैन, पानी भण्डारणका समस्या छ।"-उनले भने ।

सङ्घ र प्रदेश सरकारले संरचना निर्माणमा सहयोग गरेमा स्थानीय सरकारलाई केही सहयोग हुने वडाध्यक्ष शाहको भनाइ छ। स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा काम गर्न समस्या भइरहेको भन्दै उनले सङ्घीय र प्रदेश सरकारले सहयोग गर्न आग्रह गरे ।

खानेपानी तथा सरसफाइ कार्यालयका प्रमुख तिलक न्यौपानेले खानेपानी मानिसको पहिलो आवश्यकता भएकाले सबै नागरिकलाई सहज पानी पुर्‍याउने पहल गरिएको बताए। "केही खानेपानी आयोजना स्थानीय तहसँग सहकार्य गरेर अगाडि बढाइएको र केहीमा बजेट अभावका कारण समयमा काम हुन सकेको छैन।"-उनले भने।

बहुवर्षीय योजना निर्माणमा बढी समय, जनशक्ति लाग्ने भएकाले तत्काल सबैलाई पानी पुर्‍याउन नसकिएको न्यौपानेले बताए । 'एक घर, एक धारा' कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै सबैलाई स्वच्छ पानी पुर्‍याउने लक्ष्यसहित अघि बढेको उनको भनाइ छ।

---

**जेठ...**

संघर्ष समितिले ७ बुँदे माग अघि सार्दै आन्दोलनको घोषणा गरिसकेको छ । समितिका अनुसार जेठ १७ गते बागमती प्रदेश भेला गर्ने र १८ गते राति देखि टिकट बन्द गरेर १९ गते पूर्णरूपमा यातायात सेवा बन्द गरिनेछ।

यातायात व्यवसायीहरूले सवारी ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरीत हुने गरी संघीय ऐनसँग बाझिने गरेर सातै प्रदेश सरकारले ल्याउने तयारी गरेको र गण्डकी प्रदेश सरकारले निजी सवारी साधन (रातो प्लेट) सञ्चालन गर्न ल्याएको नियमावली २०८२ दफा २ को तत्काल खारेज गर्नुपर्ने माग गरेका छन् ।

यसैगरी सर्वोच्च अदालतबाट संघ संस्था दर्ता ऐन २०३४ मा रहेको संघ समिति नवीकरण सम्पत्ति फुकुवाको परमादेश तत्काल कार्यान्वयन गर्नुपर्ने, सवारी ऐन २०४९ संशोधनको क्रममा रहेकाले यातायात व्यवसायीसँग विगतमा भएको सम्झौता सहमति र नेपाल सरकारबाट गठित कार्यदलका सुझाव प्रतिवेदन यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने उनीहरूको माग छ।

यसैगरी, सार्वजनिक यातायात क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष अनिवार्य लागू गर्नुपर्ने, मालवाहक सवारीको भार बहन नियमनसम्बन्धी निर्देशिका २०७४ को दफा १३ अनुसार स्वदेशी तथा विदेशी सवारी साधनको भार बहन क्षमता कडाइका साथ लागू गर्नुपर्ने, बिमा दर निर्देशिका २०७३ लाई समयानुकूल संशोधन गरी दुर्घटना क्षतिपूर्ति तथा उद्धार राहतका लागि दुर्घटना राहत कोष स्थापना गरी यातायात क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने र छिमेकी मुलुकबाट नेपाल प्रवेश गर्दा मालवाहक तथा यात्रुवाहक सवारी साधनले नेपालमा भन्सार नाकामै ७२ घण्टे सुविधा पाउने असमान नीति तत्काल संशोधन गर्नुपर्ने व्यवसायीहरूको माग छ।

---

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने सूचना

**सुचना। सुचना॥ सुचना॥।**

जिल्ला रुपन्देही रोहिणी गा.पा. वडा नं. २ बस्ने सलामत पठानको नाति झिनक पठानको छोराहरु हवल्दार पठान र सफाद अहमदले रोहिणी गा.पा.वडा नं. २ को च.नं.१३९१ मिति २०८२/०१/३० गतेको सिफारीस समेत संलग्न राखी हाम्रो बाबु झिनक पठानको मिति २०७५/०४/१३ गते तथा निजको एकमात्र पत्नी (हाम्रो आमा) मैना पठान्नीको मिति २०७८/०२/१५ गते आफ्नै कालगतिले मृत्यु भएको निजको हकखाने हकवाला हामि दुई छोरहरु रहेको व्यहोरा किटानी सिफारिस तथा जोतभोगको सिफारीस समेत संलग्न राखि साविक पजरकट्टी गा.बि.स. ९क कित्ता नं. १४६, १६१, १७८,२१५.२६३,२८४.२९४,३२६,३२८,३२९,३३२,४८०,५२५.५२७,२०२,५६९,८८,१५६,१८२,२३३,२४१ जग्गा श्रेस्ता जिर्ण भएकोले नयाँ स्रेस्ता कायम गरी नामसारी समेत गरीपाउँ भनि द.नं. २८४५६ मिति २०८२।०२।०१ मा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा नामसारी गर्दा सरकारी / सार्वजनिक वा व्यक्तिगत अन्य कसैको हकदैयामा असर पर्ने तथा उक्त जग्गाको नया श्रेस्ता कायम गरी नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

**जग्गाको विवरण**

| सि.नं. | गा.वि.स. | वडा | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पजरकट्टी | ९क | १४६ | ०-३-० | झिनक पठान | |
| २ | पजरकट्टी | ९क | १६१ | ०-०-९८ | झिनक पठान | |
| ३ | पजरकट्टी | ९ख | १७८ | ०-३-० | झिनक पठान | |
| ४ | पजरकट्टी | ९क | २१५ | ०-०-१२ | झिनक पठान | |
| ५ | पजरकट्टी | ९ख | २६३ | ०-१-१० | झिनक पठान | |
| ६ | पजरकट्टी | ९क | २८४ | ०-९-९० | झिनक पठान | |
| ७ | पजरकट्टी | ९क | २९४ | ०-०-१६ | झिनक पठान | |
| ८ | पजरकट्टी | ९ क | ३२६ | ०-०-९० | झिनक पठान | |
| ९ | पजरकट्टी | ९क | ३२८ | ०-०-३ | झिनक पठान | |
| १० | पजरकट्टी | ९ क | ३२९ | ०-३-३ | झिनक पठान | |
| ११ | पजरकट्टी | ९क | ३३२ | ०-१-४ | झिनक पठान | |
| १२ | पजरकट्टी | ९क | ४८० | ०-२-३ | झिनक पठान | |
| १३ | पजरकट्टी | ९क | ५२५ | ०-१-४ | झिनक पठान | |
| १४ | पजरकट्टी | ९क | ५२७ | ०-९-० | झिनक पठान | |
| १५ | पजरकट्टी | ९क | २०२ | ०-०-७ | झिनक पठान | |
| १६ | पजरकट्टी | ९क | ५६९ | ०-२-६ | झिनक पठान | |
| १७ | पजरकट्टी | ९ख | ८८ | ०-२-१६ | झिनक पठान | |
| १८ | पजरकट्टी | ९ख | १५६ | ०-०-९६ | झिनक पठान | |
| १९ | पजरकट्टी | ९ख | १८२ | ०-३-१४ | झिनक पठान | |
| २० | पजरकट्टी | ९ख | २३३ | ०-९-५ | झिनक पठान | |
| २१ | पजरकट्टी | ९ख | २४१ | ०-२-६ | झिनक पठान | |

इति सम्बत् २०८२ साल १ महिना ११ गते रोज ५ शुभम् ।

---

## सहिद विष्णु पाण्डे स्मृति आधारभूत विद्यालय

**सुस्ता - ४, गोकुलनगर नवलपरासी (ब.सु.प.)**

### शिक्षक आवश्यकता

सुस्ता गाउँपालिका शिक्षा शाखाको प.स. २०८१/०८२ च.न.१८७२ मिति २०८२/०२/११ को सुस्ता प्राप्त अनुमति पत्र तथा यस विद्यालयको मिति २०८२/०२/१२ गते बसेको विद्यालय व्यस्थापन समितिको बैठकको निर्णय अनुसार यस बिद्यालयमा बालविकास गा.पा.अनुदान कोटामा अस्थायी करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलका उल्लेखित पदको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**१. बिज्ञापन नं. ४/०८१/०८२ २. तह – बालविकास ( गा.पा.अनुदान कोटा ) ३.पद : अस्थायी करार**

**४. पद संख्या १ (एक) जना५. योग्यता : आई.एड. वा सो सरह अध्ययन गरेको**

**६. उमेर : १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ७. तलब स्केल : गाउँपालिकाको नियम अनुसार**

**८. निवेदन दस्तुर रु.१५००/– (फिर्ता नहुने गरी )**

**९. दरखास्त दिने अन्तिम मिति :२०८२/०२/२८ गते सम्म (कार्यालय खुल्ने समय भित्र )**

**१०. सम्पर्क मिति :२०८२/०२/२९ गते ११. परीक्षाको किसिम : लिखित र मौखिक**

**१२. आवश्यक कागजातहरु क हस्तलिखित निवेदन –१ ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि –१**

**ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि –१ घ. अनुभव भए अनुभवको प्रमाणपत्र –१**

**ड. निरोगिता प्रमाणपत्रको प्रतिलिपि १**

**नोटः माथिल्लो योग्यता भएका तथा अनुभवीलाई विशेष ग्राहता दिईनेछ।**

**जानकारीको लागि विद्यालयको सम्पर्क ९८४७४१८७०७, ९८४७२९७८६०, ९८६६०७२५०२ मा सम्पर्क गर्नु हुन अनुरोध।**

---

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

तुल बहादुर थापाको छोरी, टिका बहादुर खत्रीको छोरा बुहारी, रुद्र बहादुर भन्ने भिम बहादुर खत्रीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मुसिकोट नगर पालिका वडा नं. ०४ बस्ने लिल कुमारी खत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४६०७ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/०६/२२ मा निजखातावाला लिल कुमारी खत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने तेज बहादुर खत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक लिल कुमारी खत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिमउ परोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९–५२१०२९**
**फ्याक्स :- ०७९–५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

हुमप्रसाद श्रेष्ठको छोरी, लालकुमार श्रेष्ठको छोरा बुहारी,तिर्थ वहादुर प्रधानको श्रीमती लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला छत्रदेव गाँउपालिका वडा नं. ०८ बस्ने उजेली कुमारी प्रधान श्रेष्ठले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३३४६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०३/१२ मा निज खातावाला उजेली कुमारी प्रधान श्रेष्ठको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने कृष्ण प्रसाद श्रेष्ठले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक उजेली कुमारी प्रधान श्रेष्ठको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानीदावी कर्तालाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९–५२१०२९**
**फ्याक्स :- ०७९–५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

डिलाराम घिमिरेको छोरी, वासुदेव पाण्डेको छोरा बुहारी, गुणनिधी पाण्डेको श्रीमती लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला छत्रदेव गाँउपालिका वडा नं. ०७ बस्ने खुमकला पाण्डेले यस शाखामा बचत खाता नं. २०९१५२४१४०३८८३ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०१/२० मा निज खातावाला खुमकला पाण्डेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतककी छोरा नाता पर्ने जिवन पाण्डेयले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक खुमकला पाण्डेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानीदावी कर्तालाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९–५२१०२९**
**फ्याक्स :- ०७९–५२११९४**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

जेमदग्नी घिमिरेको छोरी, तिलकचन्द पाण्डेको छोरा बुहारी, तेजुराम पाण्डेको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं.०७ बस्ने भुमीकला पाण्डेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४६९५ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०३/१८ मा निज खातावाला भुमीकला पाण्डेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतककी छोरा नाता पर्ने बिष्णु प्रसाद पाण्डेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक भुमीकला पाण्डेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानीदावी कर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९–५२१०२९**
**फ्याक्स :- ०७९–५२११९४**

---

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

नवलपरासी,बर्दघाट सुस्तापुर्व
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/२/१४

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| 1 | 45/BTRM/ NCB/ Works /2081-082 | Buspark dekhi raninagar jane mukhya kalopatre sadak, Keulani mandir jane mukhya sadak marmat sambhar | Paiyu Construction and suppliers Susta -01 , Nawalparasi-West , Nepal | रु. ३२,१८,६७२ |

प्रमुख प्रशासकीय अधिकृत

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चोरमारा,नवलपरासी(ब.सु.पु.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८२/०२/१४**

यस कार्यालयबाट मिति २०८१/१२/१३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका मेसिनरी उपकरण खरिद कार्यका रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित ) | कैफियत |
|---|---|---|---|---|
| १ | 5/NCB/MB/ GOODS/2081/82, Procurement Of Medicial Equipment | Aarsa Enterprises Pvt. Ltd.,Nayabasti Kathmandu | 9358000.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**

---


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# माछा मारेर गर्जो टार्नेहरू समस्यामा



पाल्पा । यहाँको माडीका जितबहादुर घर्ती माडीफाँटका खेत र स्थानीय तिनाउ खोलाबाट दैनिक तीन/चार केजी माछा मार्दथे । खेत र खोलामा मारेको माछा बेचेर गुजारा चल्थ्यो, उनको ।

उनीसँगै यहाँका अन्य केही परिवार माडीफाँट र खोलाको माछामा आश्रित थिए । केही वर्षयता भने उनीहरू माछा मार्ने पेसा बदल्न बाध्य भएका छन् । यही फाँटको बिच भाग भएर तिनाउ नदीमा मिसिने धैरै खोलामा भोटी, सिद्रा, फकेटा, बाम, सेगीजस्ता दर्जनौं प्रजातिका माछा भेटिन्थ्यो । तर हिजोआज भने ती माछा भेटिनै छोडेपछि घर्तीलाई त्यो सपना जस्तै लाग्छ । 'खोलामा अहिले गङ्गटा त भेटिँदैन, केको माछा !' पहिला-पहिला खोलाका ढुङ्गा पल्टाउने बित्तिकै माछा र गङ्गटा देखिन्थे, अहिले त्यो छैन । खोलामा धैरै किसिमका माछा थिए, अहिले फाट्टफुट्ट मात्रै देखिने उनले सुनाए ।

माडीफाँट र तिनाउ खोलामा मात्रै होइन, जिल्लाका विभिन्न साना-ठूला खोलामा पाइने माछाको संख्या घट्दै गएको पाइएको छ । जसका कारण माछा मारेरै जीविकोपार्जन गर्ने सकसमा परेका छन् । माछा मारेर जेनतेन परिवार पाल्दै आएका यहाँका केही स्थानीयलाई दिनभर मेहेनेत गर्दा पनि जलाशयमा माछा नपाइँदा जीविकोपार्जनमा धौं धौं भएको छ ।

अन्नको भण्डारको रूपमा रहेको यहाँको माडीफाँटमा कुनै बेला खेतमा हुर्किएका रैथाने जातको भोटी माछाले जो कोहीको मन लोभ्याउँथ्यो । दुई दशक अगाडिसम्म फाँटका खेतमा रोपाइँको समयमा माछा मारेर आफ्नो गर्ज टार्नेको संख्या ठूलो थियो । आजभोलि त्यही खेतमा पाइने जलचर प्राणी सकङ्टमा पर्न थालेपछि माछा मारेर गर्ज टार्ने सकसमा परेका हन् ।

स्थानीय मीनबहादुर कुमालको केही वर्ष जीविका माछा मारेर नै बितिरहेको थियो । "असार लाग्नासाथ फाँटमा धान रोपाइँ हुन्थ्यो । असारदेखि कात्तिकसम्म खेतमा मारेका माछालाई आगोको रापमा सुकाएर वर्षमा १० हजारसम्म आम्दानी हुथ्यो, तर अहिले माछा पाउनै छोड्यो," कुमालले भने- "माछा बेचेरै चामल किन्ने हो, दसैँतिहारको लागि मासुको खर्च राम्रोसँग चल्थ्यो, अहिले भने विषादीको प्रयोग र करेन्ट लगाएर माछा मार्नले माछा नै पाउन छोडेको छ, जसले गर्दा परिवार पाल्नै सकस भएको छ ।" ज्यालादारीको पैसा पनि नउठ्ने भएकाले कमै मात्रामा माछा मार्ने गरेको उनी सुनाउँछन् ।

सुग्रीम सारूको समस्या पनि उस्तै छ । माडीफाँटका खेतमा माछा मार्दै आएका उनी अहिले माछा नै नपाउने बताउँछन् । विषादीको प्रयोगले माछा नष्ट हुनु, करेन्ट लगाएर माछा मार्ने गरेकाले माछा नै नपाइएको उनको भनाइ छ । "पहिला एकाध घन्टामा दुई-तीन किलो माछा मार्थ्यौं, अहिले दिनभरि मानो पनि मुस्किलले पर्छ । कहिले त एकाध पाउ मारेर घर फर्किने गरेको छु ।"- उनले सुनाए ।

माडीफाँटको बिच भाग भएर तिनाउ नदीमा मिसिने धैरै खोलामा करेन्ट लगाउने, जथाभावी रूपमा किटनाशक विषादीको अन्धाधुन्ध प्रयोग गरेका कारण माछासँगै गङ्गटासमेत समाप्त भएको स्थानीय हरिबहादुर कुमाल बताउँछन् । "खोलामा जथाभावी विषादीका कारण जलचर प्राणी नै समाप्त भयो ।

खोलामा विषादीका कारण माछा समाप्त भएपछि खेतमा कसरी हुन्छ ?"-कुमालले भने । बाहिरबाट आएर केही व्यक्तिले विषादी राख्ने र करेन्ट लगाएर मार्ने गरेका कारण यहाँका जलचर सङ्कटमा परेका हुन् ।

स्थानीयले खबरदारी गरेपछि बाहिरबाट आएर विषादीको प्रयोग गर्नेको संख्या कम हुँदै गएको स्थानीय शिवप्रसाद श्रेष्ठ बताउँछन् । खेतमा माछा हराउनुको मुख्य कारण गङ्गटा, झार नियन्त्रणका लागि विषादीको प्रयोग बढेसँगै जलचर प्राणी नष्ट भएको उनको बुझाइ छ ।

खेतमा धानको बोट कलिलो अवस्थामै गङ्गटाले काटिदियो भनेरै रोपाइँमै विषादीको प्रयोग बढेकाले यस्तो समस्या आएको कृषिविद् राजेन्द्र कोइरालाले बताए । "पछिल्लो समयमा किसानले जैविक वनस्पतिक विषादीको तुलनामा किटनासक, जीवनासक विषादीको प्रयोग बढी नै गर्दा जलचर प्राणी नष्ट भएको हो," उनले भने-"रोपाइँ गरेका केही दिनपछि गङ्गटाले हैरानी गर्थ्यो । गङ्गटा नियन्त्रणका लागि खेतको गरा गरामा खिर्रोको पात राख्ने चलन थियो । यसले पनि नियन्त्रणका लागि सघाउ पुग्थ्यो । खेतमा गङ्गटा छोपेर सकिँदैन थियो, तर नियन्त्रण हुन्थ्यो । रोपाइँ सकेको दुई चार दिनमा चिउरीको खली प्रयोग गर्दा राम्रोसँग नियन्त्रण हुन्थ्यो ।" विषादीको प्रयोगका कारण जीव र किट नाश हुन्छ । तर यसले वातावरणीय क्षेत्रमा कस्तो असर गर्दछ भन्ने विषयमा प्रयोगकर्ताले ख्यालै राख्दैनन् ।

जलचर संरक्षण ऐन, २०१७ मा नदी तथा खोलामा गैरकानुनी रूपमा माछा मारे, विष हाले, करेन्ट लगाएर माछा मारे पाँच हजार रुपैयाँको जरिवानादेखि ६ महिनासम्मको कैद सजाय हुन सक्ने व्यवस्था छ । यसको कार्यान्वयन भने भइरहेको छैन । कतिपय खोलामा पानीको मात्रा घटेर पनि जलचरको संख्यामा कमी आएका छन् ।

# लुम्बिनीको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल सुरु

दाङ । लुम्बिनी प्रदेशसभामा आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा छलफल सुरु भएको छ ।

आइतबार बसेको प्रदेशसभा बैठकमा अर्थमन्त्रीले प्रस्तुत गरेको दस्ताबेजका आधारमा सांसदहरूले मंगलबारबाट बसेको सभामा धारणा राख्न थालेका हुन् ।

प्रदेशसभा सदस्यहरूले नीति तथा कार्यक्रमले समेटेका कृषि आधुनिकीकरण र उत्पादनको बजारीकरणलाई प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा जोड दिएका छन् । साथै, खानेपानी, सरसफाइ र आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन, योजना बैंकको आधारमा बजेटको वितरण, तथा समावेशी र दिगो विकासमा बजेट केन्द्रित गरिनुपर्ने सुझाव सांसदहरूले राखेका छन् ।

प्रि-बजेट छलफलका रूपमा लिइने यो प्रक्रियामा सांसदहरूले बजेट निर्माणमा महिलाको सहभागिता न्यून भएको, विद्यालय छाड्ने विद्यार्थी दर उच्च भएकाले त्यसको रोकथामका लागि प्रभावकारी योजना आवश्यक भएको, तथा विनियोजित बजेटअनुसार राजस्व संकलनको लक्ष्य पूरा गर्न प्रदेश सरकारले विशेष रणनीति बनाउनु पर्ने जस्ता विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेशसभा सचिवालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथिको छलफल दुई दिन सञ्चालन हुने कार्यसूची रहेको छ ।

# नेपालमा सात जनामा कोरोना संक्रमण




बुटवल । नेपालमा पनि कोरोना संक्रमण पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का निर्देशक डा. चन्द्रभाल झाले नियमित परीक्षण गर्दा सात जनामा कोरोना पुष्टि भएको जानकारी दिए । उनका अनुसार एक जना राष्ट्रिय प्रयोगशालामा र छ जना काभ्रेमा गरी सात जनामा कोरोना पुष्टि भएको हो ।

कोरोना संक्रमितको स्वास्थ्य सामान्य रहेको डा. झाले जानकारी दिए । उनले सङ्क्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको बताए । उनले भने-"कोरोना पुष्टि भएका सङ्क्रमित निको भएर घर गइसक्नु भएको छ । उहाँहरुको स्वास्थ्य अवस्था सामान्य छ ।"

राष्ट्रिय प्रयोगशालाका प्रवक्ता सन्तोष सुवेदीले प्रयोगशालाले नियमित कोरोना परीक्षण गर्दै आएको जानकारी दिए । विश्व स्वास्थ्य संगठनले पनि विभिन्न देशका देखिएको कोरोना कडा नभएकोले नआत्तिन आग्रह गर्दै आएको छ । हाल नेपाल लगायत अन्य देशमा देखिएको कोरोना सामान्य रहेको सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले जानकारी दिए ।

ज्येष्ठ नागरिक, गर्भवती, बालबालिका, दीर्घ रोगीलाई यदि कोरोना सङ्क्रमण भएमा गम्भीर लक्षण देखिन सक्ने भन्दै सचेत रहन डा. पुनले आग्रह गरेका छन् । उनले कोरोना फैलन नदिन भीडभाडमा जाँदा पहिलेको जस्तै जनस्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरे ।

नेपालमा थप कोरोना संक्रमित फैलन नदिन सीमा नाका, हवाई नाकामा हेल्थ डेस्क राखेको इडिसिडीका निर्देशक डा. झाले जानकारी दिए । परीक्षण किट खरिदको लागि मन्त्रालयसँग पहल सुरु गरिसकेको इडिसिडीका निर्देशक डा. झाको भनाइ छ ।

# फोहोरबाट टायल, इन्टरलकलगायत सामग्री उत्पादन



दाङ । देशभर फोहोर व्यवस्थापनको चुनौती बढिरहेको बेला दाङको राप्ती गाउँपालिकाले फोहोरबाट टायल उत्पादन सुरु गरेको छ । फोहोरलाई मोहर बनाउने गाउँपालिकाको नीतिअनुसार स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा टायल उत्पादन सुरु भएको हो ।

राप्ती गाउँपालिका-२ पून्यपुरमा प्लास्टिकजन्य फोहोरबाट टायल, इन्टरलकलगायत सामग्री उत्पादन सुरु गरिएको छ । फोहोरलाई मोहर बनाउने गाउँपालिकाको नीतिअनुरूप स्थानीय सरकार र निजी क्षेत्रको सहकार्यमा फोहोरबाट टायल, इन्टरलक, इट्टालगायत सामग्री उत्पादन गर्न थालिएको हो ।

राप्ती गाउँपालिका र इको फ्यामिली प्राइभेट लिमिटेड हेटौँडाको सहकार्यमा फोहोरलाई व्यवस्थापन गरेर नगल्ने फोहोरबाट टायल, इन्टरलकलगायत सामग्री उत्पादन गर्न थालिएको इको फ्यामिली प्रालिका सुपरभाइजर लालबहादुर चौधरीले बताए ।

सुपरभाइजर चौधरीका अनुसार फोहोरका रूपमा फालिने चाउचाउ, बिस्कुट, भोला, गुट्कालगायत प्लास्टिकबाट टायल, इन्टरलक, टाँक उत्पादन गर्ने योजना भए पनि पहिलो चरणमा टायल उत्पादन गरिएको छ ।

उत्पादित टायलको मूल्य रु ३५ तोकिएको छ । यद्यपि गाउँपालिकाभित्रका नागरिकलाई २० प्रतिशत छुटमा दिने व्यवस्था गरिएको गाउँपाकिलाले जनाएको छ ।

लुम्बिनी प्रदेशको राजधानीसमेत रहेको राप्ती गाउँपालिकामा फोहोर व्यवस्थापनको चुनौती बढ्दै गएपछि गाउँपालिकाले नीति नै बनाएर दीर्घकालीन योजना बनाएको गाउँपालिका उपाध्यक्ष कमलापति चौधरीको भनाइ छ ।

विक्रम संवत् २०७९ भदौमा भएको सम्झौताबमोजिम गाउँपालिकाले फोहोर सङ्कलन गरेर स्रोत केन्द्रसम्म पुर्‍याइदिने र बाँकी फोहोर वर्गीकरणदेखि प्लास्टिक सामग्री र जैविक मल उत्पादनको काम उक्त कम्पनीले गरिरहेको छ । स्वच्छ र हरित पालिका निर्माण गर्ने अभियानअन्तर्गत फोहोरबाट प्लास्टिक सामग्री उत्पादनका लागि गाउँपालिकाले रु दुई करोड २० लाख बढी लगानी गरिसकेको उपाध्यक्ष चौधरीले बताए ।

उक्त रकमबाट जग्गा तारबार तथा स्रोत केन्द्रका लागि दुईवटा घर निर्माण गरिएको छ । कम्पनीले यहाँ प्रयोग नहुने फोहोरलाई कबाडमा बिक्री गर्ने र त्यसबाट गाउँपालिकाले निकासी कर लिनेगरी सहमति भएको छ । नौवटा वडा रहेको राप्ती गाउँपालिकाबाट दैनिक आठ ट्र्याक्टर फोहोर सङ्कलन हुँदै आएको छ । फोहोर सङ्कलनदेखि वर्गीकरणसम्मको काम गर्न १८ जनाले रोजगारी पाएका छन् । जसमा आठजना कम्पनीका तर्फबाट राखिएको छ भने १० जना गाउँपालिकाका तर्फबाट राखिएको छ ।

# सयौ व्यावसायिक फर्म निलम्बनमा

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

आन्तरिक राजस्व विभागले स्याङ्जाका सयौ व्यवसायिक फर्म, कम्पनीहरु निलम्बन गरेको जनाएको छ । विभागले दिएको जानकारी अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) बमोजिम स्याङ्जाका झण्डै ३ सय ३६ व्यवसायिक फर्म, कम्पनीको करकट्टी गरी दर्ता निलम्बन गरिएको जनाएको हो । विभागले निलम्बन गरेर सार्वजनिक गरेका करदाता फर्म, कम्पनीहरु अधिकांश निर्माण व्यवसायीको रहेको देखिएको छ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) मा लगातार ६ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरी त्यस्तो करदाताको कर कट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्बन गर्न सकिने व्यवस्थाअनुसार दर्ता खारेजी प्रक्रिया अगाडि बढाइएको विभागले जनाएको छ । निलम्बनमा परेका फर्म, कम्पनीले पुनः विवरण बुझाएमा निलम्बन फुकुवा गर्न सकिने विभागका सूचना अधिकारी बासुदेव पौडेलले जानकारी दिए ।

कतिपय फर्म, कम्पनीहरुले एकदशकसम्म पनि विवरण नबुझाएको बताइएको छ । लामो समयसम्म कर विवरण नबुझाउनेहरुलाई कारबाही प्रक्रियाअनुसार पहिलो पटक फर्म, कम्पनीहरुलाई निलम्बन गर्ने अवस्थामा विभाग पुगेको सूचना अधिकारी पौडेलले बताए । 'हाललाई निलम्बनको मात्रै कारबाही हो,' उनले भने-'कर विवरण बुझाउन अझैं व्यवसायी नआएमा अर्को चरणको कारबाही प्रक्रिया थालिने छ । व्यवसायीहरुका लागि यो मौका रहेको र पछि पनि कर विवरण नबुझाएका दर्ता खारेजी नै हुने छ ।'

विभागले १५ दिनको सार्वजनिक सूचना जारी गरी कर विवरण बुझाउन अनुरोध गरेको थियो । उक्त समयसम्म पनि कर विवरण बुझाउन नआएपछि विभागले यो कदम चालिएको उल्लेख गरेको छ । पटक–पटक कर विवरण बुझाउन स्याङ्जाको करदाता कार्यालयले ताकेता गर्दा पनि व्यवसायी नआएपछि विभागले कानुन अनुसार नै झण्डै ३ सय ३६ व्यवसायी फर्म, कम्पनीको नाम निलम्बनमा राखेको करदाता कार्यालय पुतलीबजारका प्रमुख गंगा बस्यालले बताइन् । निलम्बनमा परेका व्यवसायी फर्म वा कम्पनीले दर्ता नम्बर राखेर विलिङ्ग प्रयोग गरिएको फेला परेमा कारबाही हुने विभागले जनाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा करदाता कार्यालय पुतलीबजारले स्याङ्जामा ५२ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । आर्थिक वर्षको साउनदेखि बैशाख महिनासम्म ३७ करोड राजस्व संकलन भएको कर अधिकृत बस्यालले जनाइन् । अहिलेसम्म स्याङ्जामा ७० प्रतिशत राजस्व संकलन भएको छ । असार मसान्तसम्म लक्ष्य नजिक पुग्न सकिने अनुमान कार्यालयको छ ।

# रूपन्देहीमा मनाइयो कृष्ण सेन स्मृति दिवस



बुटवल । प्रेस सेन्टर नेपाल रुपन्देहीले २३औं कृष्ण सेन 'इच्छुक' दिवस मनाएको छ । तस्विरमा माल्यार्पणसहित नेपाली पत्रकारिता, साहित्य र क्रान्तिकारी आन्दोलनमा इच्छुकको योगदानको विषयमा चर्चा गर्दै कृष्ण सेन 'इच्छुक' स्मृति दिवस मनाइएको संगठनले जनाएको छ ।

प्रेस सेन्टर नेपालका पूर्व केन्द्रीय उप-महासचिव तथा नेपाल पत्रकार महासंघ रूपन्देही पूर्व अध्यक्ष यानेन्द्र जिसीले कृष्ण सेन 'इच्छुक'हरुको बलिदानको जगमा नेपालको लोकतन्त्र र प्रेस स्वतन्त्रता अडिएको बताए । दशवर्षे जनयुद्ध र तत्कालिन अवस्थामा पत्रकारिता क्षेत्रमा राज्यले गरेको हस्तक्षेप, पत्रकारमाथि धड्पकड़ र पत्रकार हत्याका शृंखलाहरूको स्मरण गर्दै पत्रकार जिसीले कृष्ण सेनले देखाएको बाटोमा अघि बढ्नुपर्नेमा जोड दिए ।

अहिलेको सहज अवस्थाको सही ढंगले सदुपयोग गर्न र जनताको पक्षमा दृढतापूर्वक कलम चलाउन आग्रह गर्दै उनले सत्ताको निगरानी र खबरदारी गर्ने काममा पत्रकार चुक्न नहुने विचार व्यक्त गरे ।

कार्यक्रममा बोल्दै संगठनका जिल्ला अध्यक्ष विष्णु पोखरेलले देशका सीमित क्रान्तिकारी योद्धाको सूचीमा कृष्ण सेनको नाम अग्रस्थानमा आउने बताए । कृष्ण सेनको गिरफ्तारी र उनको हत्या नेपालको पत्रकारिता क्षेत्रलाई आतंकित पार्ने र आफ्नो स्वार्थमा प्रयोग गर्ने तत्कालिन शाही सरकारको असफल कदम रहेको उनले बताए ।

कार्यक्रममा प्रेस सेन्टरका केन्द्रीय सदस्यहरु सरु राना, रमेश पोखरेल, सञ्जय सौगातसहित जिल्ला पदाधिकारी र कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सडक दुर्घटनाबाट बचौं र बचाऔं ।
-जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं ।
-सडक पेटीबाट हिडौं,रातिको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने र कपडा लगाऔं ।
चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं ।
-सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं ।
-भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं- नगराऔं ।
-सडकमा जथाभावी नहिडौं- नहिडाऔं ।
-पशु, चौपायाहरुलाई सडकमा नछाडौं ।
-अशक्त बालबालिका अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com